# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, माग ९ गते, २०८१ साल (संख्या-९


## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

# आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

# आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (प्रथम संशोधन) मापदण्ड, २०८१

**प्रस्तावनाः** आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ लाई संशोधन गर्न बाञ्छनीय भएकाले कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्‌ले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (प्रथम संशोधन) मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ मा संशोधनः** आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३ को,-

(१) उपदफा (१) मा रहेको **"पुष मसान्त"** भन्ने शब्दहरुको सट्टामा **"माघ मसान्त"** भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेको **"माघ मसान्त"** भन्ने शब्दहरुको सट्टामा **"फागुन मसान्त"** भन्ने शब्दहरु राखिएका छन्।

स्वीकृत मितिः- २०८१/१०/०९

**आज्ञाले,**
**शंकर नेपाल**
**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानून कोशी प्रदेश